## काठमाडौं महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयमा छात्रवृत्तिमा कक्षा ११ र १२ अध्ययन गर्न निवेदन दिएका निवेदकहरूलाई अत्यन्त जरूरी सूचनाः

**छात्रवृत्ति छनोट परीक्षाको नतिजाः**

- सम्वत् २०८१ साल साउन ०७ गते नतिजा प्रकाशन गरिएकोछ ।
- महानगरपालिकाको वेवसाइटबाट नतिजा हेर्न लिङ्क http://bit.ly/kmcscholarships
- वा विस्तृत जानकारी लिन परीक्षार्थीको रोल नं, जन्ममिति र पासवोर्ड राखी पहिले दरखास्त पेस गरेको वा प्रवेशपत्र डाउनलोड गरेको लिङ्कमा जान सकिन्छः लिङ्क https://entrance.kathmandu.gov.np/
- अनलाईन https://entrance.kathmandu.gov.np/ मा लगईन गर्दा उत्तीर्ण हुनेलाई "**बधाई छ । काठमाडौं महानगरपालिकाले लिएको छात्रवृत्ति छनोट परीक्षामा तपाई उत्तीर्ण हुनु भएको छ।** " भन्ने सन्देशका साथ पेज खुल्छ तर ४० भन्दा कम अङ्क प्राप्त गरेमा "**काठमाडौं महानगरपालिकाले लिएको छात्रवृत्ति छनोट परीक्षामा तपाईले उत्तीर्णाङ्क ४० भन्दा कम अङ्क प्राप्त गर्नु भएकाले छात्रवृत्तिमा प्रतिस्पर्धा गर्न सक्नु हुन्न ।** " भन्ने जानकारी दिइन्छ।
- छात्रवृत्ति छनोट परीक्षाको नतिजा प्रकाशन गर्दा परीक्षार्थीले कक्षा १० अध्ययन गरेको विद्यालयको प्रकारका आधारमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयको आधारमा छुट्टा छुट्टै योग्यताक्रम प्रकाशन गरिएकोछ ।
- काठमाडौं महानगरपालिकाका स्थायी बासिन्दा तर्फको १४ प्रतिशतमा र ल्याडफिल साइट तर्फको १ प्रतिशत सिटमा ककनी गाउपालिका वडा नं १, २ र ३ र धुनिवेसी नगरपालिकाका वडा नं १, २ र ४ का स्थायी बासिन्दाका लागि छुट्टाइएकोमा सामुदायिक वा संस्थागत जुनसुकै विद्यालयमा अध्ययन गरेको भएतापनि एउटै समूहमा राखिएको छ ।
- सबै विषयको एकमुष्ट योग्यताक्रम (Overall Rank) कायम गरिएकोछ ।
- एकमुष्ट योग्यताक्रमका आधारमा विज्ञान, व्यवस्थापन, कानून, शिक्षा र मानविकी विषयको छुट्टा छुट्टै साधारण र आरक्षणगत समूह अनुसार योग्यताक्रम कायम गरिएको छ ।
- छात्रवृत्ति छनोट परीक्षाको नतिजा प्रकाशन गर्दा सबै विषयको योग्यताक्रम (Overall Rank) कायम गरिएको र सोका आधारमा विज्ञान, व्यवस्थापन, कानून, शिक्षा र मानविकी विषयको छुट्टा छुट्टै समूहगत योग्यताक्रम कायम गरिएको छ ।
- सम्वन्धित परीक्षार्थीले प्राप्त गरेको अङ्कमा चित्त नबुझेमा मिति २०८१।०४।१० गते कार्यालय समयभित्र रू १०००। राजश्व तिरी नतिजा पुनर्योगको निवेदन दिन सक्नेछन् । पुनर्योगको निवेदनको नमूना तल दिइएको छ ।

❖ परीक्षार्थीले अरू कसैको आरक्षण समूह वा अध्ययन गरेको विद्यालय वा अन्य कुनै विषयमा दावा विरोध गर्ने भए प्रमाणसहित मिति २०८१।०४।१० गते कार्यालयसमय भित्र रू १०००। राजश्व तिरी निवेदन पेस गर्न सक्नेछन ।

❖ दावा विरोध एवम् पुनर्योगका लागि पेश हुने निवेदन उपर समितिले छानविन गरी मिति २०८१।०४।१३ गते अन्तिम योग्यताक्रम Merit प्रकाशन गर्नेछ ।

<u>छात्रवृत्तिमा मनोनयन सम्वन्धमाः</u>

❖ उम्मेद्वारले मिति २०८१।०३।२९ गतेभित्र पेस गरेको आवेदन फाराममा विद्यालयगत प्राथमिकताक्रम र विषय तोक्नु भएको छ । सो प्राथमिकता र समूहगत योग्यताक्रम आधारमा उम्मेद्वारको मनोनयन मिति २०८१।०४।१३ गतेपछि प्रकाशन गरिनेछ।

❖ परीक्षार्क्षीको साधारण तथा समूहगत योग्यताक्रम कायम हुदैमा रोजेको कलेजमा अध्ययन गर्न पाउने हुदैन ।

❖ **छात्रवृत्ति सम्वन्धी थप जानकारी आवश्यक परेमा ०१४१६८७२० मा सम्पर्क गर्न सकिनेछ ।**

**अनुसूची-३**

**पुनर्योग निवेदनको नमूना**

मिति : २०८१।०४।....

श्री संयोजकज्यू,
छात्रवृत्ति छनोट समिति,
काठमाडौ महानगरपालिका, काठमाडौं ।

**विषय : पुनर्योग सम्बन्धमा ।**

छात्रवृत्ति छनोट समितिबाट मिति २०८१।०४।०७ गते प्रकाशित ११ कक्षाको छात्रवृत्ति परीक्षाको नतिजा अनुसार कायम भएको योग्यताक्रममा मेरो नाम समावेश नभएको/समावेश भएको तर मेरो प्राप्ताङ्क उपर चित्त नबुझेकाले पुनर्योग गर्ने प्रयोजनका लागि स्वयम् उपस्थित भई निम्नलिखित कागजात संलग्न राखी यो निवेदन गर्दछु ।

**संलग्न कागजातहरूः**

(१) रु.१०००।- दस्तुर दाखिला गरेको सक्कल बैंक भौचर वा अन्य प्रमाण ।
(२) प्रवेशपत्रको फोटोकपी ।

निवेदकको दस्तखत :
नाम, थर :
छात्रवृत्ति रोल नम्बरः
प्राप्ताङ्कः
सम्पर्क नम्बरः
मितिः २०८१।०४।